नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

मिति : २०७३/०८/१३

# नेपाल एसबिआई बैंक लि.

## प्रेस विज्ञप्ती

**२२ औं साधारणसभाको अख्तियारी भित्र रही संचालक समितिबाट हकप्रद शेयर निष्काशनको रकम तथा अनुपात निर्धारण : प्रत्येक १० कित्ता शेयर वराबर ४ कित्ताका दरले हकप्रद शेयर निष्काशन गरिने**

नेपाल एसबिआई बैंक लि. को संचालक समितिको मिति २०७३ मंसिर १३ गते (तदअनुसार २८ नोभेम्बर २०१६) मा बसेको ४००औं बैठकले बैंकको २२ औं साधारण सभाले तय गरेको अधिकतम सीमा तथा संचालक समितिलाई प्रत्यायोजन गरेको अख्तियारी भित्र रही रु. १,९९,१९,४२,३६०/- (रुपैयाँ एक अरब उनान्नसय करोड उन्नाइस लाख बयालिस हजार तीन सय साठी मात्र) रकम बराबर हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव स्वीकृत गरेको छ । हाल निष्काशनको क्रममा रहेको ६७,७६७.८७ शेयरको थप निष्काशनको बाँडफाँड तथा संचालक समितिले नेपाल राष्ट्र बैंकको स्वीकृतिको अधिनमा आ.व. २०७२/७३ को बाँडफाँडयोग्य कोष मध्येबाट वितरण हुने गरी यस अघिनै आगामी साधारण सभासमक्ष प्रस्तावित गरिसकेको २८ प्रतिशत वोनश शेयर जारी गरिए पश्चात कायम हुने चुक्ता पूँजीलाई आधार मानी समितिले उक्त हकप्रद शेयरको अनुपात निर्धारण गरेको हो । वि.सं. २०७२ माघ २४ गते सम्पन्न बैंकको २२ औं साधारण सभाले निर्धारण गरेको हकप्रद निष्काशनको अधिकतम सीमा (रु.२ अर्व ६० करोड) तथा सोही साधारणसभाले समितिलाई प्रत्यायोजन गरेको अख्तियारीको परिधीभित्र रही समितिले उक्त हकप्रद निष्काशनको रकम तथा अनुपात तय गरेको हो ।

नेपाल राष्ट्र बैंकले तोकेको समय सीमा (अर्थात् वि.सं. २०७४ आषाढ मसान्त) भित्रै बैंकको चुक्ता पूँजी रु. ८ अर्ब पुऱ्याउने गरी गत वर्ष बैंकले तर्जुमा गरेको पूँजी योजना कार्यान्वयनको क्रममा बैंकले हकप्रद शेयर निष्काशन गर्ने निर्णय गरेको हो ।

नेपाल एसबिआई बैंक लिमिटेड नेपाल र भारतको संयुक्त लगानीमा भारतीय स्टेट बैंक तथा कर्मचारी संचय कोषको प्रवर्द्धनमा स्थापित बैंक हो ।

बैंकले हाल ७३ वटा व्यवशायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) र ६७८ जना कर्मचारी मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ८६ वटा एटिएम रहेका छन् ।

रमेश घिमिरे
कम्पनी सचिव

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.